नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, भदौ १४ गते २०४४ साल (अतिरिक्ताङ्क २३

भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४४ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८३१

लेखा परीक्षकसम्बन्धी ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : लेखा परीक्षकसम्बन्धी ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लेखा परीक्षकसम्बन्धी (पहिलो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को दफा २ मा संशोधन : लेखा परीक्षकसम्बन्धी ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क१) मा रहेका "सरकारी कार्यालय वा संस्थान" भन्ने शब्दहरूको सट्टा "सरकारी कार्यालय वा श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको स्वशासित संस्था" भन्ने वाक्यांश राखिएको छ र सोही उपदफामा रहेका "तोकेको कुनै कार्यालय वा संस्थामा" भन्ने शब्दहरूपछि "पूरा समय" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को उपदफा (१) को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) चार्टर्ड एकाउण्टेन्सी वा सो सरह उत्तीर्ण भएको; वा एम. कम. वा एम. बी. ए. वा सो सरह उत्तीर्ण भई दुई वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको; वा गणित वा अर्थशास्त्र वा तथ्याङ्क शास्त्र विषय लिई एम. ए. वा सो सरह उत्तीर्ण भई वा वाणिज्य स्नातक भई पाँच वर्षको लेखा वा लेखा-परीक्षणको अनुभव भएको व्यक्तिलाई "ख" वर्ग",

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) एम. कम., एम. बी. ए. वा सो सरह उत्तीर्ण भई एक वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको; वा गणित वा अर्थ शास्त्र वा तथ्याङ्क शास्त्र विषय लिई एम. ए. वा सो सरह उत्तीर्ण भई वा वाणिज्य स्नातक भई तीन वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको; वा गणित वा अर्थशास्त्र वा तथ्याङ्क शास्त्र विषय लिई स्नातक भई पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको; वा अधिकृत स्तरको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा रही पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको व्यक्तिलाई "ग" वर्ग",

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) उपदफा (१) बमोजिम दर्ता भएको लेखापरीक्षण संस्थाले आफ्नो आय-व्ययको लेखा राख्नु अनिवार्य हुनेछ ।"

५. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन्:–

"(३) उपदफा (२) बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन पेश नगरेमा वा महालेखा परीक्षकले दिएको निर्देशनको पालना नगरेमा महालेखा परीक्षकले त्यस्तो लेखापरीक्षकको प्रमाणपत्र निलम्बन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमाणपत्र निलम्बन भएको अवस्थामा त्यस्तो लेखापरीक्षकले लेखापरीक्षणको काम गर्न पाउने छैन । निजले प्रमाणपत्र निलम्बन भएको अवस्थामा लेखापरीक्षणको काम गरेमा दफा १४ बमोजिम गठित अनुशासन समितिको सिफारिशमा महालेखा परीक्षकले निजको लेखापरीक्षणको प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम प्रमाणपत्र निलम्बन भएको लेखापरीक्षकले प्रमाणपत्र निलम्बन भएको मितिले पैंतीस दिनभित्र उपदफा (२) बमोजिम दिनुपर्ने प्रतिवेदन पेश गरेमा वा महालेखा परीक्षकले दिएको निर्देशन पालन गरेमा महालेखा परीक्षकले त्यस्तो निलम्बन फुकुवा गर्न सक्नेछ ।"

लालमोहर सदर मितिः– २०४४।५।१४।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।